# प्रदेश स्वयंसेवक ब्यूरो गठन तथा स्वयंसेवक परिचालन कार्यविधि, २०८०

आन्तरिक मामिला … ालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# प्रदेश स्वयंसेवक ब्यूरो गठन तथा स्वयंसेवक परिचालन कार्यविधि, २०८०

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

२०८०।११।१७

**प्रस्तावनाः** विपद् जोखिमको रोकथाम, नियन्त्रण र प्रतिकार्यका लागि पूर्वतयारी, पुनःनिर्माण र विपद् प्रभावितको पुनर्स्थापनाका लागि स्वयंसेवकहरूलाई प्रभावकारीरूपमा परिचालन तथा व्यवस्थापन गर्न,

प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश स्वयंसेवक ब्यूरो गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ सम्झनुपर्छ।

(ख) "कार्यविधि" भन्नाले प्रदेश स्वयंसेवक ब्यूरो गठन तथा परिचालनसम्बन्धी कार्यविधि, २०८० सम्झनुपर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) "कार्यकारी समिति" भन्नाले ऐनको दफा ६ बमोजिम गठित प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनुपर्छ।

(घ) "कोष" भन्नाले ऐनको दफा १० बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष सम्झनुपर्छ।

(ङ) "प्रदेश परिषद" भन्नाले ऐनको दफा ३ बमोजिम गठित प्रदेश विपद् व्यवस्थापन परिषद सम्झनुपर्छ।

(च) "प्राधिकरण" भन्नाले सङ्घीय ऐनको दफा १० बमोजिम गठित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ।

(छ) "ब्यूरो" भन्नाले राष्ट्रिय ब्यूरो, प्रदेश ब्यूरो, जिल्ला ब्यूरो र गाउँपालिका/नगरपालिका ब्यूरोलाई सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ।

(झ) "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरी समेतलाई सम्झनुपर्छ।

(ञ) "सूचीकरण" भन्नाले यस कार्यविधि बमोजिम स्वयंसेवक व्यक्ति वा स्वयंसेवक सञ्चालन गर्ने सङ्घ, संस्थालाई राष्ट्रिय विपद् तथ्याङ्क तथा सूचना प्रणालीमा प्रविष्ट गर्ने प्रकृया र परिणामलाई सम्झनुपर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ट) "स्थानीय तह" भन्नाले बागमती प्रदेशका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ।

(ठ) "संङ्घीय ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनुपर्छ।

(ड) "सङ्घीय कार्यविधि" भन्नाले विपद् व्यवस्थापन स्वयंसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि, २०७८ सम्झनुपर्छ।

(ढ) "स्वयंसेवक" भन्नाले यो कार्यविधिबमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा बिना पारिश्रमिक स्वेच्छाले खटिने जनशक्ति सम्झनुपर्छ।

## परिच्छेद-२

## मार्गदर्शक सिद्धान्त र उद्देश्य

३. **स्वयंसेवक परिचालन र स्वयंसेवक ब्यूरोका मार्गदर्शक सिद्धान्तः**
(१) प्रदेश स्वयंसेवक ब्यूरोले कार्यसम्पादन गर्दा देहायका मार्गदर्शक सिद्धान्तको अवलम्बन गर्नुपर्नेछः-

(क) मानवता

(ख) प्रतिबद्धता

(ग) स्वामित्व

(घ) समावेशिता

(ङ) ऐक्यबद्धता

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) निष्पक्षता

(छ) तटस्थता

(२) उपदफा (१) मा उल्लेखित मार्गदर्शक सिद्धान्त प्रदेश स्वयंसेवक ब्यूरो, स्वयंसेवाका लागि खटिने स्वयंसेवक तथा सम्बन्धित सरोकारवालाले यो कार्यविधिको उद्देश्यबमोजिम कार्यसम्पादन गर्दा पालना गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमका मार्गदर्शक सिद्धान्तहरूलाई स्वयंसेवक सङ्गठित र परिचालन गर्ने सङ्घ, संस्था वा निकायले पालना गर्नुपर्ने अनुशासन, मापदण्ड तथा आचारसंहितामा समेत उल्लेख गरी लागु गर्न सक्नेछ।

(४) प्रदेश स्वयंसेवक ब्यूरोले उपदफा (३) बमोजिम, मापदण्ड तथा आचारसंहिता तयार गर्दा मानवीय मूल्यमान्यता, प्रचलित कानुन, प्रदेशको भूगोल र संस्कृति, लैङ्गिक समता, फरक क्षमता भएका व्यक्तिहरूको आधारभूत अधिकार र मानव अधिकारको रक्षाका विषयलाईसमेत ध्यान दिनुपर्नेछ।

४. **<u>उद्देश्य:</u>** यस कार्यविधिको मुख्य उद्देश्य प्रदेशमा विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि स्वयंसेवकहरूको संस्थागत विकास एवम् परिचालन गरी विपद् व्यवस्थापनको प्रभावकारीता अभिवृद्धि गर्नु हो र यस कार्यविधिका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्:-

(क) विपद् व्यवस्थापनका विषयगतक्षेत्रमा स्वयंसेवकहरूको उत्पादन, गठन तथा विकास गर्नु,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) स्वयंसेवकहरुलाई संगठित गर्नु, क्षमता अभिवृद्धि गर्नुका साथै संस्थागत विकास र परिचालनका लागि प्रदेश, जिल्ला र स्थानीय तहमा संस्थागत संरचनाको व्यवस्था गर्नु,

(ग) विपद् व्यवस्थापनमा स्वयंसेवकहरूको परिचालन र व्यवस्थापनमा सहजीकरण गर्नु।

## परिच्छेद-३

## स्वयंसेवक ब्यूरोको गठन र सञ्चालनसम्बन्धी व्यवस्था

**५.** **प्रदेश स्वयंसेवक ब्यूरो गठन र सञ्चालनः** (१) प्रदेश स्वयंसेवक ब्यूरोको गठन तथा सञ्चालन देहायबमोजिम हुनेछः-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(च) प्रतिनिधि, खानेपानी, ऊर्जा तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सिँचाई मन्त्रालय -सदस्य

(छ) प्रतिनिधि, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(ज) प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय -सदस्य

(झ) प्रतिनिधि, श्रम, रोजगार तथा यातायात मन्त्रालय -सदस्य

(ञ) प्रतिनिधि, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय -सदस्य

(ट) प्रतिनिधि, सामाजिक विकास मन्त्रालय -सदस्य

(ठ) प्रतिनिधि, स्वास्थ्य मन्त्रालय -सदस्य

(ड) प्रतिनिधि, नेपाली सेना -सदस्य

(ढ) प्रतिनिधि, नेपाल प्रहरी -सदस्य

(ण) प्रतिनिधि, सशस्त्र प्रहरी वल, नेपाल -सदस्य

(त) प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटी, बागमती प्रदेश -सदस्य

(थ) प्रतिनिधि, उद्योग बाणिज्य महासङ्घ नेपाल, बागमती प्रदेश -सदस्य

(द) प्रतिनिधि, नेपाल च्याम्बर अफ कमर्श, बागमती प्रदेश -सदस्य

(ध) प्रतिनिधि, गैह्रसरकारी संस्था महासङ्घ बागमती प्रदेश -सदस्य

(न) प्रतिनिधि, नेपाल पत्रकार महासङ्घ,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश -सदस्य

(प) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा क्रियाशील सङ्घ संस्था वा निकायका प्रमुख वा प्रतिनिधिमध्ये संयोजकद्वारा मनोनित कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(झ) मन्त्रालयको विपद् व्यवस्थापन महाशाखा प्रमुख -सदस्य सचिव

(२) संयोजकले आवश्यकतानुसार सम्बन्धित विज्ञलाई ब्यूरोको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (प) बमोजिम मनोनीत सदस्यको पदावधि बढीमा २ (दुई) वर्षको हुनेछ।

६. **<u>प्रदेश स्वयंसेवक ब्यूरोको बैठकसम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश स्वयंसेवक ब्यूरोको बैठक संयोजकको अध्यक्षतामा सामान्यतया वर्षको कम्तीमा तीन पटक बस्नेछ तर आवश्यकता परेमा जुनसुकै समयमा पनि संयोजकले बैठक बोलाउन सक्नेछ।

(२) बैठक सञ्चालनको कार्यविधि प्रदेश स्वयंसेवक ब्यूरो आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(३) बैठकको निर्णय सामान्यतया सर्वसम्मत वा उपस्थित सदस्य संख्याको बहुमतको आधारमा हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

७. **<u>प्रदेश स्वयंसेवक ब्यूरोको काम, कर्तव्य र अधिकारः</u>** प्रदेश स्वयंसेवक ब्यूरोको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रदेश स्वयंसेवक परिचालनसम्बन्धी कार्ययोजना तर्जुमा गरी कार्यकारी समितिबाट स्वीकृत गरी लागु गर्ने, गराउने,

(ख) जिल्ला स्वयंसेवक ब्यूरो तथा गाउँपालिका/नगरपालिका स्वयंसेवक ब्यूरोमार्फत स्वयंसेवक परिचालन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ग) स्वयंसेवक परिचालन हुँदा आवश्यक पर्ने ब्यक्तिगत सुरक्षा सामग्री, पोसाक, न्यूनतम बन्दोबस्तीका सामग्री र अन्य आधारभूत आवश्यकताका सामग्री र सुविधासम्बन्धी मापदण्ड तयार गरी लागु गर्ने, गराउने,

(घ) स्वयंसेवाका लागि आह्वान गर्ने,

(ङ) स्वयंसेवकको क्षमता विकास तथा बन्दोबस्ती र सञ्चालनको लागि प्रबन्ध गर्ने,

(च) स्वयंसेवी सङ्घ संस्था वा निकाय तथा स्वयंसेवकहरूको ज्ञान, सीप र क्षमता विकास गर्न जिल्ला तथा स्थानीयतहमार्फत आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) राष्ट्रिय ब्युरोले तोकेका अन्य कार्यहरू कार्यान्वयन गर्ने गराउने।

८. **<u>प्रदेश स्वयंसेवक ब्यूरोको सचिवालयसम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश स्वयंसेवक ब्यूरोको सचिवालयको काम मन्त्रालयको सम्बन्धित महाशाखाले गर्नेछ।

(२) प्रदेश स्वयंसेवक ब्यूरोको दैनिक प्रशासनिक कार्य सञ्चालनमा काम गर्न आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्था मन्त्रालयले गर्नुपर्नेछ।

(३) प्रदेश स्वयंसेवकको दैनिक प्रशासनिक कार्य मन्त्रालयको सम्बन्धित महाशाखाबाट गराइनेछ। यसका लागि थप संरचना स्थापना र दरबन्दी थप गरिने छैन।

९. **<u>जिल्ला स्वयंसेवक ब्यूरोको गठन तथा सञ्चालनः</u>** (१) जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एक स्वयंसेवक ब्यूरो हुनेछ।

(२) जिल्ला स्वयंसेवक ब्यूरोको गठन तथा काम, कर्तव्य र अधिकार सङ्घीय कार्यविधिमा तोकेबमोजिम हुनेछ।

(३) जिल्ला स्वयंसेवक ब्यूरोले प्रदेश स्वयंसेवक ब्यूरोसँग समन्वय गरी स्वयंसेवक परिचालन गर्ने, गराउनेछ।

१०. **<u>स्थानीय स्वयंसेवक ब्यूरोको गठन तथा सञ्चालनः</u>** (१) स्थानीय तहमा गाउँ/नगर कार्यपालिकाका अध्यक्ष/प्रमुखको संयोजकत्वमा सरोकारवाला निकायको प्रतिनिधित्व रहने गरी स्वयंसेवक ब्यूरो गठन तथा परिचालन गर्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) स्थानीय तहले स्वयंसेवक ब्यूरो गठन र स्वयंसेवकको परिचालनसम्बन्धी कार्यविधि बनाई स्वयंसेवक परिचालन कार्यलाई व्यवस्थित गर्नसक्नेछ।

(३) स्थानीय स्वयंसेवक ब्यूरोले प्रदेश र जिल्ला स्वयंसेवक ब्यूरोसँग समन्वय गरी स्वयंसेवक परिचालन गर्ने, गराउनेछ।

## परिच्छेद-४

## स्वयंसेवा समुहको गठन, परिचालन तथा विषयगत क्षेत्रसम्बन्धी व्यवस्था

११. **स्वयंसेवक समूहको गठनः** (१) स्थानीय तहले प्रत्येक वडामा स्वयंसेवक समूह गठन गर्ने प्रयोजनका लागि सम्बन्धित स्थानीय तहमा कार्यरत विपद्सँग सम्बन्धित सङ्घसंस्थामा आबद्ध वा स्थानीय तहमा रहेर यस कार्यविधिबमोजिमको स्वयंसेवा गर्न ईच्छुक व्यक्तिहरूबाट अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन सङ्कलन गर्नुपर्नेछ।

(२) वडाअध्यक्ष वा निजले तोकेको वडा सदस्यको संयोजकत्वमा उपदफा (१) बमोजिम प्राप्त आवेदनमध्ये टोल विकास संस्था, स्थानीय स्काउट, महिला समूह, स्थानीय क्लबका प्रतिनिधिहरु, स्थानीय शिक्षक, रेडक्रस, सुरक्षा निकायबाट अवकास प्राप्त प्रतिनिधिहरु, संकटापन्न समूहका प्रतिनिधिहरु र अन्य सामाजिक अभियान्ताहरुमध्येबाट सबै बस्ती/टोलको प्रतिनिधित्व हुने गरी वडा स्वंयमसेवक समूह गठन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वयंसेवक समूह गठन गर्दा सम्बन्धित स्थानीय तहमा स्थायी रूपमा बसोबास गरिरहेका र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

नियमित रूपमा समुदायस्तरमै सामाजिक सेवामा लागिरहेका व्यक्तिहरूलाई पहिलो प्राथमिकता दिनुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको स्वयंसेवक समूहमा आबद्ध हुने स्वयंसेवकको उमेर हद विपद्को प्रकृति, जोखिमको अवस्था र जटिलताअनुसार सम्बन्धित स्थानीय तहले निर्धारण गर्नसक्नेछ।

१२. **स्वयंसेवकका विषयगतक्षेत्रः** स्थानीय तहले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि वडास्तरमा गठन भएका स्वयंसेवक समूहलाई देहायका विषयगतक्षेत्रहरु निर्धारण गर्नुपर्नेछ र स्वयंसेवक समूह परिचालन गर्दा स्थानीय परम्परागत ज्ञान, सीप, क्षमताको प्रयोगलाई प्राथमिकता दिनुपर्नेछ।

(क) विपद् जोखिम न्यूनीकरणसम्बन्धी सचेतना, पूर्वसूचना तथा रोकथामसम्बन्धी विषय,

(ख) विपद्मा परेका व्यक्तिहरुको खोज तथा उद्धारको कार्य र राहत वितरण एवं व्यवस्थापनसम्बन्धी विषय,

(ग) प्राथमिक उपचार तथा स्वास्थ्य उपचारसम्बन्धी विषय,

(घ) विपद् भएको क्षतिको द्रुत मुल्याङ्कन र विपद् प्रभावितहरुको जीवनयापनका लागि आवश्यक पर्ने सहायताको लेखाजोखासम्बन्धी विषय,

(ङ) विपद् प्रभावितका लागि मनोसामाजिक परामर्शसम्बन्धी विषय,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) अस्थायी आश्रयस्थल, क्याम्प वा क्वारेन्टाईन व्यवस्थापनसम्बन्धी विषय,

(छ) महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा शारीरिक एवं मानसिक अशक्त व्यक्तिहरुको संरक्षण र सम्बर्द्धनसम्बन्धी विषय र

(ज) सम्बन्धित ब्यूरोले तोकेको अन्य विषयहरु।

१३. **<u>विज्ञहरूबाट स्वयंसेवा लिन सकिनेः</u>** विपद्सम्बन्धी अध्ययन अनुसन्धान, जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभसम्बन्धी कार्यमा सम्बन्धित ब्यूरोले विषय विज्ञको स्वयंसेवा लिन सक्नेछ।

१४. **<u>स्वयसेवक संगठित तथा परिचालन गर्ने सङ्घसंस्था वा निकायः</u>** (१) प्रचलित कानूनबमोजिम स्थापना भइ सञ्चालनमा रहेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यमा क्रियाशील सङ्घसंस्था वा निकायले दफा १२ बमोजिमको विषयगतक्षेत्रमा रही स्थानीयतह अन्तर्गत स्वयंसेवकहरू परिचालन गर्न सक्नेछन्।

(२) स्थानीयतहले उपदफा (१) बमोजिम विपद् व्यवस्थापनमा स्वयंसेवक परिचालन गर्दा जिल्ला स्वयंसेवक ब्यूरो र प्रदेश स्वयंसेवक ब्यूरोसँग पर्याप्त समन्वय गरी आवश्यकता एवम् औचित्यताको आधारमा मात्र गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम स्वयंसेवक उपलब्ध गराउने वा परिचालन गर्ने सङ्घसंस्था वा निकायले आफ्नो सङ्घसंस्था वा निकायमा आवद्ध स्वयंसेवकलाई विपद् जोखिम

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक अनुभव, योग्यता, ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न तालिम, प्रशिक्षण र अभ्यास प्रदान गर्न सक्नेछ।

(४) प्रचलित कानूनबमोजिम स्वयंसेवक सङ्गठित र परिचालन गर्ने सङ्घसंस्था वा निकायले आफूसँग सङ्गठित स्वयंसेवकको व्यक्तिगत विवरण दोहोरो नपर्ने गरी सम्बन्धित स्थानीयतहका साथै प्रदेश स्वयंसेवक ब्यूरोमा पठाउनुपर्नेछ।

(५) उपदफा (३) बमोजिम सम्बन्धित स्थानीय तहमा सूचीकृत भएका स्वयंसेवक र उनीहरू सङ्गठित सङ्घ, संस्था वा निकायको विवरण प्रदेश सरकारले प्रयोग गरेको विपद् तथ्याङ्क प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

(६) स्वयंसेवक परिचालन भएको समयमा स्वयंसेवकलाई निज सङ्गठित भएको संस्थाले न्यूनतम निर्वाह खर्च उपलब्ध गराउन सक्नेछ।

१५. **<u>स्वयंसेवकको काम, कर्तव्यः</u>** स्वयंसेवकको काम कर्तव्य देहायबमोजिम हुनेछः-

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा सम्बन्धित स्थानीयतह र ब्यूरोले तोकेको स्थान, प्रकृति र समयावधिको दायरामा बसेर परिचालित हुने।

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा परिचालन हुँदा प्रदेश स्वयंसेवक ब्यूरोबाट प्राप्त

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

निर्देशन, तोकिएको जिम्मेवारी र जवाफदेही भइ पारदर्शी र प्रभावकारी रूपमा परिचालित हुने।

(ग) स्थानीयस्तरका विपद्का घटनामा प्रतिकार्य एवं मानवीय सहायताका लागि स्वतः स्फूर्तरूपमा स्वयंसेवा गर्ने।

(घ) स्वयंसेवाको कार्यमा खटिंदा सुरक्षा निकाय, स्वास्थ्यकर्मी, वारूणयन्त्रलगायत अत्यावश्यक सेवाप्रदायकसँगको निकटतम समन्वयमा रहेर स्वयंसेवा गर्ने।

(ङ) प्रदेश सरकारले स्वीकृत गरी लागू गरेका स्वयंसेवकसम्बन्धी कार्यविधि, मापदण्ड र आचारसंहिताको पालना गर्ने।

१६. **<u>स्वयंसेवकको आचार संहिताः</u>** यस कार्यविधिबमोजिम परिचालित हुने स्वयंसेवकको आचारसंहिता देहायबमोजिम हुनेछः-

(क) स्वयंसेवक स्वयं सुरक्षित, सुव्यवस्थित र परिचालित हुन तत्पर हुनुपर्नेछ।

(ख) स्वयंसेवक परिचालित हुँदा एकापसमा सम्मानजनक आचरण र व्यवहार गर्नुपर्नेछ।

(ग) कसैलाई जाति, भाषा, लिङ्ग, वर्ण, अवस्था आदिका आधारमा भेदभाव गर्नुहुँदैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) स्वयंसेवकले स्थानीय परम्परा, संस्कृतिको यथोचित सम्मान गर्नुपर्नेछ।

(ङ) स्थानीय ज्ञान, सीप र क्षमताको यथोचित सदुपयोग गर्नुपर्नेछ।

(च) स्वयंसेवाको कार्यमा खटिंदा लैङ्गिक सम्बेदनशीलता कायम राख्नुपर्नेछ।

(छ) स्वयंसेवकले सेवा गर्दा आफ्नो अनुचित प्रभाव देखाउने तथा अवाञ्छित सुविधाको खोजी गर्नुहुँदैन।

(ज) स्वयंसेवकले आफ्नो विवरण सम्बन्धित ब्युरोलाई उपलब्ध गराउनुपर्नेछ।

१७. **<u>स्वयंसेवकको कार्यकालसम्बन्धी व्यवस्था:</u>** (१) स्वयंसेवकको कार्यकाल निजको स्वेच्छा, सामर्थ्य र सेवाभावको उपयोगिता रहुन्जेल हुनेछ।

१८. **<u>स्वयंसेवकको क्षमता विकाससम्बन्धी व्यवस्था:</u>** स्वयंसेवकको क्षमता विकासका लागि स्वयंसेवक ब्यूरो तथा सम्बन्धित अन्य निकायले देहायबमोजिमका कार्यहरू गर्न सक्नेछन्।

(क) दफा १२ बमोजिमका विषयगतक्षेत्रसँग सम्बन्धित आधारभूत तालिम, प्रशिक्षण र अभ्यास प्रदान गर्ने।

(ख) स्वयंसेवकलाई तोकिएको कार्यसम्पादनका लागि सम्बन्धित स्थानीय तहमार्फत आवश्यक औजार,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

उपकरण, मेशिन र अन्य सामग्रीहरू उपलब्ध गराउने।

(ग) बिभिन्न प्रकोपबाट हुने सम्भावित विपद् परिदृष्यमा आधारित कृत्रिम घटना अभ्यास गराउने।

(घ) स्वयंसेवकको क्षमता विकाससम्बन्धी अन्य काम गर्ने, गराउने।

**१९. <u>स्वयंसेवकको स्वास्थ्य उपचार र बिमासम्बन्धी व्यवस्थाः</u>** स्वयंसेवकको बिमा र स्वास्थ्य उपचारसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः-

(क) स्वयंसेवक सूचीकृत गर्दा सम्बन्धित स्थानीयतहले विपद् प्रतिकार्यमा खटिने स्वयंसेवकको खटिएको अवधिको रु. पाँच लाखको दुर्घटना बिमा गर्नुपर्नेछ।

(ख) खण्ड (क) बमोजिम गर्नुपर्ने बिमा सम्बन्धित स्थानीय तहले आर्थिक स्रोत अभावमा गर्न नसकिने भनी सिफारिस गरेमा प्रदेश स्वयंसेवक ब्यूरोको सिफारिसमा मन्त्रालयले दुर्घटना बिमा गरिदिन सक्नेछ।

**२०. <u>स्वयंसेवकलाई स्वयंसेवामा रोक लगाउने वा स्वयंसेवकबाट हटाउने व्यवस्थाः</u>** (१) कुनै स्वयंसेवकले स्वयंसेवाका लागि आवश्यक योग्यता कायम राख्न नसकेमा वा तोकिएको जिम्मेवारी पूरा गरेको नदेखिएमा प्रदेश स्वयंसेवक ब्यूरोले उक्त स्वयंसेवकलाई स्वयंसेवा गर्न रोक लगाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) यो कार्यविधि र प्रचलित कानून विपरित कार्य गर्ने स्वयंसेवकलाई सम्बन्धित ब्यूरोले हटाउन सक्नेछ।

तर उपदफा (२) बमोजिम हटाउन अघि सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको कारवाहीको विषयमा तत्काल अभिलेख कायम राखि सोको जानकारी राष्ट्रिय स्वयंसेवक ब्युरोलाई दिइनेछ।

(४) कुनै स्वयंसेवकले कुनै कसुर गरेको देखिएमा कसुरको प्रकृति र मात्राअनुसार प्रचलित कानुनबमोजिम कारवाही गर्न बाधा पर्नेछैन।

२१. **<u>स्वयंसेवाको कदरः</u>** मन्त्रालयले स्वयंसेवकको कार्यसम्पादन मूल्याङ्कनको आधारमा स्थानीय स्वयंसेवक ब्यूरो र जिल्ला स्वयंसेवक ब्यूरोको सिफारिसअनुसार वार्षिक रूपमा बढीमा बीस जनालाई रु. पाँच हजारको दरले नगद पुरस्कार र कदर पत्र सम्मान गर्न सक्नेछ। साथै, राष्ट्रिय स्तरको पुरस्कार र सम्मानको लागि सिफारिस गर्न सक्नेछ।

## परिच्छेद-५

## <u>सरोकारवाला निकाय तथा सङ्घसंस्थाको भूमिका</u>

२२. **<u>प्रदेशस्थित विपद् व्यवस्थापनसम्बन्धी काम हेर्ने मन्त्रालयको भूमिकाः</u>** प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयले स्वयं सेवक परिचालनका लागि देहायबमोजिम गर्ने गराउनेछः-



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) प्रदेश स्वयंसेवक ब्यूरो गठन गर्ने साथै ब्यूरोको सञ्चालन गर्न आवश्यक आर्थिक, प्रशासनिक र प्राविधिक सहयोग गर्ने गराउने।

(ख) प्रदेशमा स्वयंसेवक क्षमता अभिवृद्धि र परिचालन गर्न प्रदेश स्वयंसेवक ब्यूरोलाई क्रियाशील तुल्याउने।

(ग) प्रदेशका स्थानीयतहमार्फत स्वयंसेवकको सूचीकरण, वन्दोबस्ती, क्षमता विकास र परिचालनका लागि सहयोग र समन्वय गर्ने, गराउने।

(घ) स्वयंसेवक सङ्गठित र परिचालन गर्ने सङ्घ संस्था वा निकायलाई आवश्यक सहयोग, समन्वय र नियमन गर्ने।

(ङ) प्रदेश सरकार, प्रदेश विपद् व्यवस्थापन परिषद् र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने।

(च) स्थानीय तहबाट दफा ११ बमोजिम गठित वडा स्वंयमसेवक समूहको क्षमता विकास तथा परिचालनका लागि आर्थिक र प्राविधिक सहयोग गर्ने गराउने।

२३. <u>जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको भूमिकाः</u> (१) जिल्ला स्वयंसेवक ब्यूरो गठन तथा परिचालन सम्बन्धमा सङ्घीय कार्यविधिमा तोकिएबमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) जिल्ला स्वयंसेवक ब्यूरोले स्वयंसेवकको परिचालन गर्दा गराउँदा प्रदेश स्वयंसेवक व्युरोसँग समन्वय गर्नुपर्नेछ।

२४. **<u>गाउँपालिका\नगरपालिकाको भूमिकाः</u>** (१) स्थानीय स्वयंसेवक ब्यूरो गठन तथा परिचालन सम्बन्धमा सङ्घीय कार्यविधिमा तोकिएबमोजिम हुनेछ।

(२) स्थानीय स्वयंसेवक ब्यूरोले स्वयंसेवकको परिचालन गर्दा गराउँदा प्रदेश स्वयंसेवक ब्यूरोसँग समन्वय गर्नुपर्नेछ।

(३) सम्बन्धित स्थानीय तहले स्वयंसेवकको सूचीकरण, बन्दोबस्ती, क्षमता विकास र परिचालनको लागि अनुसुची-२ बमोजिमको क्रियाकलाप सञ्चालन गर्न सक्नेछन्।

२५. **<u>बजेट तथा आर्थिक व्यवस्थाः</u>** (१) मन्त्रालयले दफा ११ बमोजिमको स्वयंसेवक समूह गठन तथा सञ्चालनका लागि वार्षिक विनियोजित बजेटको अधीनमा रही सम्बन्धित स्थानीयतहलाई बजेट उपलब्ध गराउन सक्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम रकम उपलब्ध गराउने प्रयोजनका लागि देहायबमोजिमको आधारमा स्थानीय तह छनौट गर्न सक्नेछः-

(क) विपद्का घटनाको प्रवृति,

(ख) विपद्बाट भएको क्षति,

(ग) स्थानीय तहको माग र आवश्यकता।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपदफा (१) बमोजिम प्राप्त बजेटमध्ये सम्बन्धित स्थानीय तहले निम्न बमोजिमको क्षेत्र तथा आधारभित्र रही खर्च गर्नुपर्नेछः-

(क) कार्यसञ्चालन तथा अभिलेख व्यवस्थापनः २० प्रतिशत

(ख) स्वयंसेवकको क्षमता विकास तथा अभिमुखीकरणः ३० प्रतिशत

(ग) स्वयंसेवकको लागि चाहिने बन्दोबस्ती सामग्रीको व्यवस्थापनः ५० प्रतिशत

(४) उपदफा (१) बमोजिम प्राप्त रकमको खर्च प्रचलित कानूनबमोजिम गर्ने गराउने र लेखापरीक्षण गराउने कार्य सम्बन्धित स्थानीय तहको लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(५) उपदफा (३) बमोजिमको खर्चको विस्तृत प्रगति विवरण सम्बन्धित स्थानीय तहले त्रैमासिक तथा वार्षिक रूपमा मन्त्रालयमा बुझाउनुपर्नेछ।

२६. <u>**निर्वाह भत्ता उपलब्ध गराउन सक्नेः**</u> (१) विपद् जोखिम र सोको क्षतिको आधारमा आवश्यकताबमोजिम सम्बन्धित स्थानीय तहले दफा ११ बमोजिमको स्वयंमसेवक खटाउन सक्नेछ।

(२) सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिम खटिएका स्वयंसेवकलाई खटिएको अवधिभर प्रदान गरिने निर्वाह भत्ता नेपाल सरकारले तोकिएको न्यूनतम पारिश्रमिक भन्दा बढी हुनेछैन।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) स्थानीय तहले उपदफा (१) र (२) बमोजिम निर्वाह भत्ता उपलब्ध गराउँदा अनुसूची-३ बमोजिमको अभिलेख राख्नुपर्नेछ।

## परिच्छेद-६

## विविध

२७. **अन्तरक्रिया तथा अनुगमन सम्बन्धमाः** (१) मन्त्रालयले स्वयंसेवक समूह गठन र सोको परिचालनका सम्बन्धमा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा अन्तरक्रिया तथा अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अर्न्तक्रिया तथा अनुगमनका लागि स्वीकृत कार्यक्रमबाट बजेट व्यवस्था गर्न सक्नेछ।

२८. **कार्यविधिको कार्यान्वयनः** प्रदेश र स्थानीय तहका सम्बन्धित निकायहरूले यस कार्यविधि कार्यान्वयन गर्न आवश्यक मापदण्ड र कार्ययोजना तर्जुमा गरी लागू गर्न गराउन सक्नेछ।

२९. **बाधा अड्काउ फुकाउने सम्बन्धमाः** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै द्विविधा वा बाधा आइपरेमा बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ।

३०. **अनुसूचीमा हेरफेरः** यस कार्यविधिको अनुसूचीमा मन्त्रालयले आवश्यक हेरफेर गर्न सक्नेछ।

३१. **कार्यविधि संशोधनसम्बन्धी व्यवस्थाः** प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो कार्यविधिको संशोधन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**अनुसुची- १**

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

**स्वयंसेवक आवेदन फाराम**

| | |
|---|---|
| १. नाम, थरः- | पासपोर्ट साईजको फोटो |
| २. ठेगानाः- | |
| अस्थायी ठेगानाः- | स्थायी ठेगानाः- |
| गा.पा./न.पा./उ.म.न.पा/म.न.पाः- | गा.पा./न.पा./उ.म.न.पा/म.न.पाः- |
| वार्ड नं.ः- | वार्ड नं.ः- |
| टोल/मार्ग/चोक | टोल/मार्ग/चोक |
| जिल्ला | जिल्ला |
| प्रदेश | प्रदेश |
| ३.ना.प्र.नं./ रा.परिचय पत्र नं. | |
| जारी मिति र जिल्लाः | |
| ४ पेशाः- | |
| ५ सम्पर्क नम्बर | |
| टेलिफोन नंः | मोबाईल नंः |
| ईमेल आईडीः- | |
| ठेगानाः- | |
| ६. आवद्ध संस्थाको नाम | |
| संस्था दर्ता नं. | दर्ता मितिः |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्र

| | |
|---|---|
| सम्पर्क नम्बर | |
| टेलिफोन नं: | ईमेल आईडी |
| तालिम(लिएको/नलिएको): | |
| लिएको भए तालिमको नाम: | |
| तालिमको विषय/प्रकार/किसिम | |
| विषयसँग सम्बन्धित अन्य तालिमहरु: | |

......................................

मितिः आवेदकको दस्तखत

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची-२

(दफा २४ को उपदफा (३) सँग सम्बन्धित)

**१. स्वयंसेवकको सूचीकरणः**

(क) स्थानीय स्वयंसेवक व्युरोको गठन गरी क्रियाशील तुल्याउने।

(ख) स्थानीयस्तरमा संभावित विषयक्षेत्रमा उपलब्ध स्वयंसेवकहरूलाई स्वयंसेवाका लागि उत्प्ररित गर्न अनुशिक्षण गर्ने।

(ग) सङ्घीय कार्यविधि बमोजिम स्वयंसेवक हुन ईच्छुक व्यक्तिहरूलाई स्थानीय स्वयंसेवक व्युरोमा सूचीकरण गर्ने।

(घ) स्वयंसेवकको विवरण अध्यावधिक गरी विपद् पोर्टलमा प्रविष्ट गर्ने।

(ङ) स्वयंसेवकको सूचीकरण, अध्यावधिक उपलब्धता र सेवा समाप्तिको विवरण राख्ने।

**२. स्वयंसेवकको लागि चाहिने बन्दोबस्तीः**

(क) स्वयंसेवाको प्रकृति, कार्यस्थल र संभावित प्राकृतिक प्रकोपको सामना गर्दा स्वयंसेवकका लागि आवश्यक सामग्रीको अग्रीम व्यवस्थापन गर्ने।

(ख) बन्दोबस्ती सामग्रीको अभिलेख अध्यावधिक गरिराख्ने।

(ग) बन्दोवस्ती सामग्रीको मर्मत सम्भार गर्ने।

(घ) थप मात्रा र प्रकृतिका बन्दोबस्ती सामग्रिको प्राप्ति, भण्डारण, मर्मत सम्भार र तत्काल उपयोगको यथोचित व्यवस्थापन गर्ने।

(ङ) सुरक्षा निकाय र मानवीयक्षेत्रमा क्रियाशील संघसंस्था र निकायहरूसँग रहेका बन्दोबस्ती सामग्रिको लगत सङ्कलन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

गर्ने र परिआएको अवस्थामा सहकार्यको लागि तयारी गर्ने।

३. <u>स्वयंसेवकको क्षमता विकासः</u>

(क) सूचीकृत स्वयंसेवकहरूलाई स्वयंसेवाका न्यूनतम मार्गदर्शक सिद्धान्त र उद्देश्य, आचार संहितालगायतका विषयमा अनुशिक्षण गर्ने।

(ख) स्वयंसेवकको रूचि, क्षमता र संभाव्यता अनुसारका क्षमता विकासका लागि आवधिक तालीम सञ्चालन गर्ने।

(ग) स्थानीय ज्ञान, सीप, क्षमता, सँस्कृति, परंपरा लगायतका विषयमा अनुशिक्षण गर्ने।

(घ) विपद् प्रतिकार्यको समयमा ध्यान दिनुपर्ने कुरा र सहकार्यको संभावनाका बारेमा सिकाई आदान प्रदान गर्ने।

४. <u>स्वयंसेवकको परिचालनः</u>

(क) स्थानीय व्युरोको गठन र क्रियाशीलता बढाउने।

(ख) मानवीय क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूसँग सहकार्यका क्षेत्रको पहिचान गरी सोको लागि आवश्यक पूर्वतयारी गर्ने।

(ग) स्वयंसेवक परिचालन गर्दा सोको अभिलेख अध्यावधिक गरिराख्ने।

(घ) स्वयंसेवक परिचालन गर्दा न्यूनतम मानवोचित खर्चको व्यवस्थापन गर्ने।

(ङ) असल स्वयंसेवकको यथोचित कदर गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसुची- ३

(दफा २६ को उपदफा (३) सँग सम्बन्धित)

**निर्वाह भत्ता बुझेको अभिलेख**

**स्थानीय तहको नाम र ठेगानाः**

| क्र.सं. | स्वयंसेवकको विवरण | | | | नागरिकता प्रमाणपत्र/ राष्ट्रिय परिचय पत्रको विवरण | | स्वयंसेवकको रूपमा विपद्मा खटेको विवरण | | | निर्वाह भत्ताको विवरण | | | बुझिलिएको हस्ताक्षर र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम/थर | स्थायी ठेगाना | सम्पर्क नं | आबद्ध वडागत स्वयंसेवक समूह | ना.प्र.नं./ रा.परिचय पत्र नं. | जारी मिति र जिल्ला: | विपद्को प्रकार | विपद्मा खटेको समयावधि | विपद्मा खटेको स्थान | जम्मा दिन | जम्मा रकम | जम्मा बुझेको रकम | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

तयार गर्ने

प्रमाणित गर्ने

(प्रमुख प्रशासकीय अधिकृत)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश